नेपाल राष्ट्र बैंक
जनकपुर कार्यालय
मौजुदा सूची सम्बन्धी सूचना
(प्रकाशित मिति २०८२/०३/१६)

यस कार्यालयले अगामी आर्थिक वर्ष २०८२/८३ मा खरिद गर्ने तपसिल बमोजिमका सामान तथा सेवाका आपूर्तिकर्ताहरुको सूची तयार गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिस्टर्ड फर्म तथा कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यताका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस कार्यालयको मौजुदा सूची (Standing List) मा सूचीकृत हुन आवेदन पेश गर्न नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (पाँचौ संशोधन, २०७९ समेत) को विनियम १८ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

आवेदन फाराम यस कार्यालयको आन्तरिक प्रशासन फाँट र बैंकको वेबसाइट www.nrb.org.np बाट प्राप्त गर्न सकिने छ । आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरु भरी सहीछाप गरी तोकिएका कागजातहरुका साथ पेश गर्नुपर्ने छ । आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन । आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । अन्य आवश्यक कुरा बुझ्नु परेमा यस कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिने छ ।

तपसिल

| क.स. | विवरण | क.स. | विवरण |
|---|---|---|---|
| | **(क) खरिद तथा आपूर्ति तर्फ** | | **(ख) मर्मत तथा सम्भार सेवा** |
| १. | स्टेशनरी तथा छपाई | १. | सवारी साधन मर्मत |
| २. | फर्निचर सामानहरु | २. | विद्युतीय उपकरण (एयरकण्डिसनर, जेनेरेटर, पंखा, पानी तान्ने मोटर, स्टेबलाइजर, वाटरकुलर, भ्याकुम क्लिनर, रेफ्रिजरेटर आदि मर्मत) |
| ३ | एयरकण्डिसनर तथा पार्टपूर्जा | ३. | प्लम्बिङ सेवा (पानीको पाइप, धारा आदि मर्मत) |
| ४. | इलेक्ट्रोनीक्स उपकरण (कम्प्युटर, प्रिन्टर, नोट काउण्टिङ मेसिन, EPABX System, यु.पि.एस.,फ्याक्स आदि) | ४. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, नोट काउण्टिङ मेसिन, EPABX System, यु.पि.एस.,फ्याक्स आदि मर्मत तथा टोनर रिफिलिङ) |
| ५. | विभिन्न मेशिनरी सामानहरु तथा त्यसका पार्टपूर्जाहरु | ५. | विदेशी मुद्रा गन्ने मेशीनको Software upgrade तथा मर्मत गर्ने |
| ६. | पर्दा, कार्पेट, डोरमेट लगायतका फर्निसिङ सामानहरु | ६. | भवन मर्मत (झ्याल, ढोका, सीसा, जाली फिटिङ्ग) |
| ७. | विद्युतीय सामग्रीहरु | ७. | फर्निचर मर्मत |
| ८. | भौतिक निर्माण (भवन, पर्खाल, कम्पाउण्ड, गेट आदि) | ८. | दराज, फाइलिङ, क्याबिनेट, ट्रंक बाकस आदि मर्मत |
| ९. | सवारी साधनको पार्टपूर्जा | ९. | कम्प्युटर नेटवर्किङ सेवा |
| १०. | विविध फुटकर सामानहरु (डिटरजेन्ट, सरसफाई, लत्ताकपडा आदि) | १०. | सि.सि.टि.भि. मर्मत सम्भार |
| ११. | ट्रंक बाकस | ११. | सौर्य उपकरण मर्मत |
| १२. | सौर्य उर्जा उपकरण | | **(ग) परामर्श सेवा** |
| १३. | पत्रपत्रिका तथा पुस्तक | १. | सिभिल इन्जिनियरिङ सेवा (निर्माण तथा मर्मतका लागि) |
| १४. | हार्डवेयर तथा फिटिङ | २. | आर्किटेक्चरल इन्जिनियरिङ सेवा |
| १५. | Fire Extinguisher रिफिलिङ समेत | | **(घ) अन्य सेवा** |
| १६. | इन्धन (डिजेल, पेट्रोल, मटितेल तथा लुब्रिकेन्टस) | १. | सवारी साधन भाडामा उपलब्ध गराउने |
| १७. | भाँडाकुडाहरु | २. | कुरियर सेवा |
| १८. | बगैंचा सम्बन्धी (बोटबिरुवा, बीउबिजन, मलखाद, औषधी, औजार) | ३. | इन्टरनेट सेवा |
| | | ४. | विज्ञापन एजेन्सी सेवा |
| | | ५. | कपडा धुलाई (लण्ड्री सेवा) |

नेपाल राष्ट्र बैंक